## गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र**
त्रिपुरेश्वर, काठमाडौं

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९।८।७**

यस केन्द्रले आ.ब. २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रममा उल्लेखित तालिम कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक पर्ने तालिम सामाग्री तथा कार्यालय सामाग्रीहरू खरिद गर्नुपर्ने भएकाले इजाजतपत्र प्राप्त इच्छुक फर्म, कम्पनी तथा संस्थाहरुको लागि निम्न शर्तहरुको को अधिनमा रही रितपूर्वकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय सम्ममा फर्म/कम्पनी/संस्थाको लिखित निवेदन, फर्म, कम्पनी तथा संस्थादर्ता प्रमाण पत्रको प्रतिलिपि, आ. व. २०७७७८ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि र यस केन्द्रको कार्यालय कोड नं. ३०७००३५०६ राजश्व खाता नं. १०००१००२०००१०००० राजश्व शिर्षक नं. १४२२९ मा तालिकामा उल्लेखित दरभाउपत्र फाराम दस्तुर जम्मा गरेको सक्कल भौचर पेश गरी यस केन्द्रको भण्डार शाखाबाट खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ बजेभित्र सिलबन्दी गरी यस केन्द्रको भण्डार शाखामा दर्ता गराई सक्नु पर्नेछ।

३. पेश हुन आएका सिलबन्दी दरभाउपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १३ बजे केन्द्रको भण्डार शाखामा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर फर्म/कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. दरभाउपत्र फाराम खरिद गर्ने, दर्ता तथा खोल्ने अन्तिम दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिनउक्त कार्यहरु हुनेछ।

५. सिलबन्दी दरभाउपत्र साथ तालिकामा उल्लेखित बोल कबोल जमानत रकम यस केन्द्रको नाममा जारी भएको बिडबण्ड वा को.ले.नि.का. त्रिपुरेश्वरको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक टेकुको धरौटी खाता नं. १७००१००१०२०३०००० मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्नेछ। बिडबण्डको हकमा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनुपर्नेछ।

६. सिलबन्दी दरभाउपत्रसाथ फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति, आ.व.२०७७७८को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, फर्म/कम्पनीले आधिकारिक रुपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र संलग्न भएको हुनु पर्नेछ।

७. दरभाउपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर यस केन्द्रको पुरा नाम र ठेगाना, ठेक्का नं. र दरभाउपत्र पेश गर्नेको नाम तथा ठेगाना स्पष्टसँग उल्लेख गर्नु पर्नेछ।

८. रीत नपुगी आएको दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहने छ।

९. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ एवं प्रचलित कानून अनुसार हुनेछ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र केन्द्रको भण्डार शाखामा सम्पर्क राख्न सकिनेछ।

११. सिलबन्दी दरभाउपत्र पेस गर्न माग गरिएको सिलबन्दी पत्र नं. र सामानहरुको विवरण :

| सि. नं. | सिलबन्दी दरभाउपत्र नं. | दरभाउपत्र पेस गर्ने कामको विवरण | दरभाउपत्र फारम दस्तुर रु. (फिर्ता नहुने गरी) | मूल्यअभिवृद्धि कर सहित लागत अनुमान रकम रु | बोल कबोल जमानत रकम रु |
|---|---|---|---|---|---|
| १ | MCSIPC-NCB-Goods 02-2079.080 | Supply and Delivery of training materials ofBasic PatternTailoring,Advance Pattern Tailoring, Fashion DesignBeautician Basic, Beautician Advance, House Wiring and Office Stationery | १०००।- | १९४५७८९।- | ५९०००।- |